काठमाडौंमा विद्युतीय तार भूमिगत गर्ने काम अघि बढ्ने

काठमाडौं(जस)-काठमाडौं महानगरपालिका क्षेत्रभित्रको विद्युतीय तार भूमिगत गर्ने काम नेपाल विद्युत प्राधिकरण र काठमाडौं महानगरपालिकाको समन्वयमा अगाडि बढाइने भएको छ । तारलाई भूमिगत गर्ने काममा फिल्डमा देखिएका समस्या समाधानका लागि आवश्यक अनुगमन र समन्वय गर्न प्राधिकरणका निर्देशक र महानगरपालिका सार्वजनिक निर्माण विभागका प्रमुखलाई तोकिएको छ । सडक विभाग, काठमाडौं महानगरपालिकालगायतका निकायबाट सहमति प्राप्त नहुँदा, निर्माण व्यवसायीबाट काम सम्पन्न भएपछि सडकलाई मर्मत नगरेकोजस्ता गुनासो आएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्री कुलमान घिसिङले आइतबार प्राधिकरणका कार्यकारी निर्देशक, आयोजना प्रमुख, महानगरपालिका प्रतिनिधि र निर्माण व्यवसायीसँग छलफल गरेका थिए ।

मन्त्री घिसिङले आगामी वर्षायाम सुरुहुनुभन्दा अगाडि काठमाडौंभित्रको तार भूमिगत काम सम्पन्न गर्न र काम सम्पन्न भएको ठाउँमा इन्टरनेट, टेलिफोन, टेलिभिजन सेवा प्रदायकसँग समन्वय गरी जमिनमाथिको (ओभरहेड) तार हटाउन तत्काल सुरु गर्ने आग्रह गरे । 'भौतिक मन्त्रालयको जिम्मेवारी मैलै नै सम्हालिरहेको छु, तार भूमिगत गर्ने काम बाँकी रहेका ठाउँमा काम अगाडि बढाउन काठमाडौं महानगरपालिका प्रमुखसँग छलफल गरिसकेको छु, महानगरपालिकाले सहयोग नै गरिरहेको छ,काम बाँकी रहेको पुतलीसडकलगायतका क्षेत्रको काम तत्काल अगाडि बढाऔं, अन्तिम समय यही हो, अहिले पनि काम गर्न सकिएन भने कहिले काम हुँदैन', घिसिङले भने । उनले निर्माण कार्य सम्पन्न गरेपछि फिल्डमा देखिएको सडक मर्मतलगायतका काम तत्काल गर्न निर्देशन दिए । प्राधिकरणका कार्यकारी मनोज सिलवालले सडक विभाग र स्थानीय तहसँग समन्वय गरी निर्माण कार्य अगाडि बढाइने बताए । काम सम्पन्न भएका क्षेत्रमा भूमिगत तारबाट विद्युत आपूर्ति दिन सुरु गरिसकिएको र ओभरहेटलाई क्रमश : हटाउँदै जाने सिलवालले उल्लेख गरे ।

प्राधिकरणले काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई भूमिगत, सुदृढीकरण र स्वचालित बनाउन पहिलो चरणमा काठमाडौंको रत्नपार्क र महाराजगञ्ज वितरण केन्द्रअन्तर्गतका क्षेत्रमा काम सुरु गरेको थियो । दोस्रो चरणमा काठमाडौंको बाँकी स्थान, तेस्रो चरणमा ललितपुर तथा भक्तपुरको सहरी क्षेत्र र चौथो चरणमा पोखरा तथा भरतपुर महानगरपालिकाअन्तर्गतका क्षेत्रको वितरण प्रणालीलाई भूमिगत, सुदृढीकरण र स्वचालित गर्ने काम सुरु गरेको थियो । काठमाडौं उपत्कायभित्रको निर्माण प्रगति करिब ८० प्रतिशत छ । यसअन्तर्गत ३३ तथा ११ हजार भोल्टेज र ४ सय भोल्टेज भूमिगत लाइन निर्माणका साथै अप्टिकल फाइबर पनि बिछ्याइनेछ । यसबाट विद्युत, टेलिफोन, इन्टरनेट सेवा प्रदायकको गुजुल्टिएको तारले कुरूप बनेको सहरको कुरूपताको अन्त्य भई सौन्दर्य थपिनेछ । हाल भइरहेको ओभरहेड वितरण प्रणालीभन्दा भूमिगत प्रणाली सुरक्षित हुने र सहरलाई कुरूप बनाइरहेको तारको जालो हटी सौन्दर्य कायम राख्न सकिने छ । भूमिगत काम गर्दा सडकमा न्यूनतम क्षति हुने प्रविधि प्रयोग गरिएको छ । सडकमा सवारीसाधनको अवागमन र पैदलयात्रीलाई असर नपर्ने गरी राति काम गर्ने व्यवस्था गरिएको छ । सडक खन्दा निक्लिएको धूलोबाट नागरिकलाई असर पर्न नदिन न्यूनीकरणका उचित व्यवस्था गरिएको छ । तार भूमिगत गर्दा क्षति पुगेको सडकको मर्मत १० दिन भित्र गरिसक्ने व्यवस्था गरिएको छ ।

प्रेस काउन्सिल अध्यक्ष डा.शर्मालाई नियुक्तिपत्र

इतिहासमा रेकर्ड हुनेगरी काम गर्न आग्रह

काठमाडौं(जस)-सरकारले प्रेस काउन्सिलका अध्यक्षमा डा. कुमार शर्मालाई नियुक्त गरेको छ । आइतबार सूचना तथा सञ्चार मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच मन्त्री जगदीश खरेलले शर्मालाई नियुक्तिपत्र दिएका हुन् । यसअघि मन्त्रिपरिषद्को बैठकले उनलाई नियुक्त गर्ने निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयन मन्त्री खरेलले आज नियुक्तिपत्र दिएका हुन् ।

नियुक्ति पत्र प्रदानपछि मन्त्री खरेलले नेपालको आम सञ्चार माध्यम र सामाजिक सञ्जाललाई व्यवस्थित,मर्यादित र अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको बताए । संविधान कानुनले दिएको जिम्मेवारी पूरा गर्दै काउन्सिलले प्रभावकारी रुपमा काम गर्नुपर्ने बताउँदै उनले अध्यक्ष आइसकेपछि काउन्सिलले प्रभावकारी ढंगले काम गर्छ भन्ने अपेक्षा रहेको धारणा राखे ।

उनले भने,'नेपालको आम सञ्चार माध्यम र सामाजिक सञ्जाललाई व्यवस्थित, मर्यादित र अझ प्रभावकारी बनाउनुपर्ने छ ,त्यो निर्माण गर्ने सन्दर्भमा संविधान कानुनले दिएको जिम्मेवारी पूरा गर्दै काउन्सिलले प्रभावकारी रुपमा काम गर्नुपर्ने छ । अब अध्यक्ष आइसकेपछि प्रेस काउन्सिलले प्रभावकारी ढंगले काम गर्छ भन्ने अपेक्षा छ ।'

जापानमा रोजगारीको अवसर

कम्पनी: EHL COOPERATIVE ASSOCIATION **शहर** : NAGOYA AICHI

पूर्व स्वीकृति मिति: २०८२-०८-२१ **च.नं:** 60248540 L.T. No : 334915

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	योग्यता	YEN	ने. रु.							
1	Fishery Processing	3	3	स.कामसा दक्ष	187210	१,७३,३५६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौमा २०८२ मंसिर २९ गते (15 December 2025) **मा हुनेछ ।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु.५०,०००/- कामदारले तिर्ने

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रदुत खर्च समेतको) कुल खर्च : ४०,०००/-
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता : प्रा. लि. को कार्यालय ।
नोट : बैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसंग राख्नुहोस् ।
७) श्रम स्वीकृतिबिना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जांदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग बुढनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

जापानीज भाषामा N4 Level पास गरेका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।

B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२

वि. एस. ओभरसिज प्रा. लि.
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En

पूर्वराजदूत श्रेष्ठको निधन

काठमाडौं(जस)-पूर्वराजदूत प्रोफेसर सुरेन्द्रबहादुर श्रेष्ठको शनिबार निधन भएको छ । साउदी अरेबियाका लागि पूर्वनेपाली राजदूत ८९ वर्षीय श्रेष्ठको उपचारका क्रममा ललितपुरस्थित मेडिसिटी अस्पतालमा निधन भएको उनका छोरा सञ्जयले जानकारी दिए । भारतको इलाहाबाद विश्वविद्यालयबाट राजनीतिक शास्त्रमा स्नातकोत्तर गरेका श्रेष्ठले पाटन संयुक्त क्याम्पस, त्रिचन्द्र कलेज र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर अध्यापन गराएका थिए । उनी सरस्वती कलेजका संस्थापकमध्येका एक थिए । उनले तत्कालीन लुम्बिनी र कोसी अञ्चलको अञ्चलाधीशको जिम्मेवारी तथा विश्व सम्बन्ध परिषद्का अध्यक्ष भई काम गरेका थिए ।

तत्कालीन विकेन्द्रीकरण आयोगमा काम गरेको अनुभव सम्हाल्नुभएका उनले विसं २०३७ पछि गठित संविधान आयोगको सदस्य भएर काम गरे । इमान्दार, निर्भिक, न्यायप्रेमी र स्वच्छ छवीका श्रेष्ठ जाउलाखेलस्थित नेपाल प्रशासनिक प्रतिष्ठानका उपनिर्देशकबाट सरकारी सेवामा प्रवेश गरेका थिए। उनले अमेरिकका विभिन्न विश्वविद्यालयका भिजिटिङ प्रोफेसरका रुपमा एक वर्षभन्दा बढी समय काम गरेको उनका छोरा सञ्जयले बताए । नेपालको प्रतिनिधित्व गर्दै वार्षिक रुपमा संयुक्त राष्ट्रसङ्घ जाने प्रतिनिधिमण्डको विज्ञ सदस्यका रुपमा दुई पटक महासभामा भाग लिएका थिए । उनको पार्थिव शरीर सोमबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उनका श्रीमती र दुई छोरा छन् ।

पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउँदै 'टुरिज्म सिस्टरहुड'

काठमाडौं(जस)-नेपालको पर्यटन क्षेत्रमा क्रियाशील महिलाको साझा संस्था 'टुरिज्म सिस्टरहुड नेपाल एशोसिएसन'ले पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउन पहल गरेको छ । सन् २०१८ मा स्थापना भएको उक्त एशोसियसनले पर्यटन क्षेत्रमा कार्यरत महिलाको क्षमता अभिवृद्धि गर्दै दिगो र जिम्मेवार पर्यटन निर्माण गर्ने काम गर्दै आइरहेको छ । एशोसियसनको सातौं स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा एशोसियसनकी अध्यक्ष जुनु मलेखुले पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउन एशोसियसनले स्थापनाकालदेखि नै काम गर्दै आइरहेको बताइन ।

"पर्यटन क्षेत्रमा लागेका महिलालाई जिम्मेवार बनाउँदै उनीहरुको क्षमता अभिवृद्धि गरी दिगो र जिम्मेवार पर्यटन निर्माणका क्षेत्रमा एशोसियसन लागेको छ", उनले भनिन । पर्यटन क्षेत्रमा कार्यरत महिलालाई सशक्त बनाई नेतृत्व विकासमा काम गर्दै आएको उनको भनाइ छ । एशोसियसनकी निवर्तमान अध्यक्ष अनुपा बुढाथोकीले पर्यटन क्षेत्रमा महिला सहभागिता बढाउनका लागि एशोसियसनले महिलालाई निःशुल्क विभिन्न किसिमका तालिम प्रदान गर्दै आइरहेको बताइन । एशोसियसनले पर्यटन क्षेत्रमा अध्ययन गर्दै गरेका गरिब तथा विपन्न विद्यार्थीलाई पढाइमा सहयोगसमेत गर्दै आएको छ ।

यसबाहेक एशोसियसनले नेपालका विभिन्न पर्यटकीय गन्तव्यमा महिला कसरी सुरक्षित रुपमा जान सक्छन् भन्नेबारे विभिन्न समयमा गन्तव्य यात्रासमेत गराउँदै आएको छ ।

एशोसियसनले गत वर्ष रारामा उक्त भ्रमण गराएको थियो । उक्त भ्रमणको वृत्तचित्र निर्माण गरी सामाजिक सञ्जालमार्फत प्रचारप्रसारको कामसमेत अगाडि बढाइएको छ । एशोसियसनले आफ्नो सातौं स्थापना दिवसका अवसरमा 'वेलनेश टुरिज्म'को विकासका लागि निमी वेलनेश सेन्टरको सहकार्यमा एक घण्टाको 'साउण्ड हेलिङ' सेसन सञ्चालन गरेको थियो । सात वर्ष पहिले स्थापना भएको उक्त एशोसियशनमा हाल पर्यटन क्षेत्रमा क्रियाशील झण्डै १०० महिला आबद्ध छन् ।

सत्यको खोजीका लागि मिडिया शक्तिको भूमिका

अन्तरराष्ट्रिय मिडियासँगको सहकार्यमा ' मिडियाको शक्ति र सत्यको खोज' शीर्षकमा सम्पन्न अर्को एक महत्वपूर्ण छलफल कार्यक्रममा विश्वका विभिन्न देशका वरिष्ठ सञ्चारकर्मीको उल्लेख्य उपस्थिति थियो । स्काई न्यूजकी पत्रकार याल्दा हाकिमले सञ्चालन गरेको 'प्यानल' छलफल कार्यक्रममा विश्वमा देखिएका जल्दाबल्दा समस्या र समाधानका उपायलगायतका विषयमा घनीभूत छलफल भएको थियो । अमेरिकी राजनीतिक बहस कार्यक्रम टकर कार्लसन नेटवर्कका कार्यकारी प्रमुख र सहसंस्थापक नील पटेलले सहआयोजना गरेको उक्त कार्यक्रममा सहभागीहरूले गाजा क्षेत्रमा स्थलगत समाचार सङ्कलनमा खटिने पत्रकारहरूको सङ्घर्ष र साहसको स्वागत गरेका थिए ।

उनीहरूले स्मार्ट उपकरण र मोबाइल फोनमा विशेषगरी सामाजिक मिडिया प्लेटफर्महरूमा सधैंजसो प्रस्तुत हुने आधुनिक पत्रकारिताको अभ्यासमा नयाँ मिडियाको बढ्दो महत्त्वलाई पनि जोड दिए । यसले आधुनिक युगमा समाचार र सूचनाको प्रसारमा क्रान्ति ल्याएको र प्रविधिको विकाससँगै आमसञ्चारकर्मीहरू त्यसमा अभ्यस्त हुनुपर्नेमा जोड दिइएको थियो । वक्ताहरूले पत्रिका, रेडियो स्टेसन, समाचार एजेन्सी र टेलिभिजन नेटवर्कसहित परम्परागत मिडियाद्वारा उत्पादित समाचार सामग्रीको वितरण विस्तार र गति बढाउन यी प्लेटफर्महरूको महत्त्वमा जोड दिएका थिए ।

उनीहरूले केही आधुनिक मिडिया उपकरणहरूको नकारात्मक पक्षलाई पनि छलफलका विषयमा समावेश गरेका थिए । विशेषगरी अपुष्ट जानकारीको द्रुत प्रसार वा गलत वा भ्रामक सामग्री उत्पन्न गर्ने एआई प्रविधिहरूबारे पनि कार्यक्रममा विशेष रूपमा उठान गरिएको थियो । समापनका अवसरमा 'प्यानलिस्ट'हरूले अविश्वसनीय, प्रमाणित स्रोतको अभाव भएका भ्रामक वा मनगढन्ते समाचारहरू फैलाउने मिडियाबाट जोगिन, सिर्जनशील र सार्थक पत्रकारितालाई प्राथमिकता दिन, सञ्चारकर्ममार्फत समाजको विकास र प्रगतिमा योगदान पुर्‍याउन र एआईको सदुपयोग गरी अझ परिष्कृत एवं जिम्मेवारपूर्ण पत्रकारिता गर्न आग्रह गरेका थिए ।

ठमेलको निर्माणाधीन रेष्टुरेन्टमा आगलागी

काठमाडौं(जस)-काठमाडौंको ठमेलस्थित एक निर्माणाधीन रेष्टुरेन्टमा आगलागी भएको छ । काठमाडौं महानगरपालिका-२६ ठमेल बुधबारे गल्लीस्थित निर्माणाधीन ' वर्क इट पप' रेष्टुरेन्टमा आइतबार बिहान १०:३० बजे आगलागी भएको प्रहरी वृत्त लैनचौरका प्रमुख, प्रहरी नायब उपरीक्षक (डिएसपी) जागेश्वर भण्डारीले राससलाई जानकारी दिए । उनका अनुसार विद्युत् सर्ट भएर लागेको आगो करिब ४५ मिनेटपछि नियन्त्रणमा आएको थियो । उक्त आगोलाई नियन्त्रणमा लिनका लागि नेपाल प्रहरीले काठमाडौं महानगरपालिकाका दुई वटा दमकलको सहायता लिएको उनले जानकारी दिए । अहिले आगो पूर्ण रूपमा नियन्त्रणमा आएको वृत्त प्रमुख भण्डारीले बताए । उनका अनुसार आगलागीबाट केकति क्षति भयो भन्नेबारेमा प्रहरीले विवरण सङ्कलन गरिरहेको छ ।

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

विषय: वोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२-०८-२२)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र/शिलबन्दी दरभाउपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको/दरभाउपत्रको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र/दरभाउपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

S.N.	Bid IFB No.	Name of Projects	Date of Notice Publication	Quoted Amount with VAT (NRs.)	Name of Lowest Evaluated Substantially Responsive Bidder	Remarks
1.	09/Works/NCB/KM/2082/083	**PREFAB BUILDING CONSTRUCTION AT WARD 6**	2082-07-13 (30th October, 2025)	**21, 42, 036.96**	**Apshana Construction Company Pvt Ltd., Baneshwor, Kathmandu**	
2.	10/Works/NCB/KM/2082/083	**PREFAB BUILDING CONSTRUCTION AT WARD 4**	2082-07-13 (30th October, 2025)	**19, 38, 990.79**	**A.P.G. Builders Pvt. Ltd., Bharatpur-3, Chitwan**	
3.	11/Works/SQ/KM/082/083	**Electrification and Interior decoration in nagar sabha haal at mahila sanjal**	2082-07-13 (30th October, 2025)	**18,99,240.60**	**J M Nirman Sewa , Kohalpur-3, Banke**	

प्रमुख प्रशासकीय अधिकृत